## आ. व. २०७७/०७८ को वजेट वक्तव्य

आदरणीय सभा अध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्युहरु,

नेपालको संविधानले संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानुन वमोजिम गर्ने व्यवस्था गरेको छ । संघ प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून वनाउने, वार्षिक वजेट वनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वियन गर्ने व्यवस्था समेत गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन योजना वनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यकालिन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ।

आवधिक योजनाले लिएका लक्ष्यहरु, मध्यकालिन खर्च संरचनाले गरेका व्यवस्थाहरुलाई श्रोत साधन सँग तालमेल गरी प्राथमिकताका साथ श्रोतको विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ। नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको योजना प्रकृया सर्न्दभमा अगाडी सारेका विषयवस्तुहरुलाई मूर्त रुप दिन तथा एकरुपता कायम गर्न स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ ले अख्तियार गरे अनुसार गाउँपालिकाको वजेट विनियोजन गरेको छु।

आदरणीय सभा अध्यक्ष महोदय,

विश्वव्यापी रुपमा फैलिएको कोभिड - (कोरोना भाइरस) को कारण उत्पन्न असहज परिस्थितिले मानव समुदायका आवश्यकता र प्राथमिकताहरुलाई नै वदलिएको छ। त्यसै गरी, यसले हरेक मुलुकको अर्थतन्त्र र समग्र शासन प्रकृयामा पनि गम्भीर असर गरेको छ। यस्तो परिस्थितीमा हरेक तहका सरकारहरुले मुलुकमा आफ्नो तर्फबाट प्रवाह गरीने सार्वजनिक वस्तु तथा सेवाहरुको पुनःप्राथमिकिकरण गर्नुपर्ने भएको छ। शताब्दीकै विषम परिस्थितिसँग जुध्नको लागि नियमित प्रयास र तालिकाहरुलाई परिमार्जन गरिएको छ। यस अवस्थाबाट तत्कालै छुटकारा पाउन सक्ने अवस्था नदेखीएकोले यसको असरलाई न्यूनिकरण गर्दै जनजीवनलाई कसरी नियमित तुल्याउने भन्नेकुरा प्रमुख चुनौतिको विषयमा वन्न पुगेको छ। नेपालमा कोभिड मुक्त वनाउन स्वास्थ्य, शिक्षा, खानेपानी, कृषी उत्पादन र रोजगारी प्रवर्द्धन जस्ता क्षेत्रहरुलाई प्राथमिकता भन्दा अरु माथि उठेर नयाँ आवश्यकताको आधारमा आफ्नो नीति, कार्यक्रम र वजेट तर्जुमा गरेको छु।

गाउँपालिकाको आर्थिक, सामाजिक, शासकिय व्यवस्थामा प्रभावकारीता ल्याउन नीतिगत मार्गदर्शन गर्ने, लगानीको माध्यमवाट विकासका आयामहरु थप फराकिलो वनाई आर्थिक विकासमा टेवा पुर्याउने कडीको रुपमा वार्षिक वजेटलाई लिइएको हुन्छ। हामिलाई थाहा छ, साधन र श्रोत अत्यन्त सिमित छन् तर हाम्रा इच्छा र आकांक्षाहरु श्रोत साधन र आपूर्तिको विचमा तालमेल गराई कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, अर्थपूर्ण वनाउनु आजको आवश्यकता हो। यस कार्यमा सम्पूर्ण कार्यमा सम्पूण सदस्यज्युहरुको सहयोग र समर्थनको आशा गरेको छु।

आदरणीय सभा अध्यक्ष महोदय,

अव म यस गाउँपालिकामा उपलब्ध श्रोत र साधनलाई निम्न आधारमा सन्तुलित एंव समन्यायीक सिद्धान्तको आधारमा योजना, वजेट तथा कार्यक्रम तर्जुमाको लागि अवलम्वन गरिएका विधि, पद्धती तथा आधारहरुको सर्न्दभमा चर्चा गर्न चाहन्छु।

१. नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, केन्द्र तथा प्रदेश सरकारको वार्षिक नीति, लक्ष्य, उद्देश्य, आवधिक विकास योजनाले लक्षित गरेका नीति तथा मापदण्ड।

२. वडाको जनसंख्या तथा भौगोलिक अवस्था र वनोट।

३. वडा तथा विशेष क्षेत्रको आर्थिक विकास र गरिवीको अवस्था।

४. जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने कार्यक्रम।

५. स्थानीय श्रोत, साधन र सहभागीतामा सञ्चालन हुने।

६. महिला, वालवालिका तथा पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग, भाषा , जातिलाई लाभ पुग्ने।

७. स्थानीय समस्या र आवश्यकताका आयोजना तथा कार्यक्रमहरु।

८. राजश्व परामर्श समिति श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिका निर्णयहरु

९. कोभिड -१९ (कोरोना भाइरस) को संक्रमणवाट उत्पन्न प्रभावलाई न्युनीकरण तथा जनजीवनलाई व्यवस्थीत गर्ने कार्यक्रमहरु।

१०. विकासमा समसायमीक मुद्धाहरु जस्तै :- जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य र पोषण सूरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास, वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्ण सरसफाई, रोजगारी र आय आर्जन तथा उर्जा संकट लगायतका विषयहरुलाई लिईएको छ।

आदरणीय सभा अध्यक्ष महोदय,

यस गाउँपालिकाको अधिकाशं भूभाग भौगोलिक विकटता रहेको वारेमा यहाँहरु सवैजना भौगोलिक विकटता रहेको वारेमा यहाँहरु सवैजना जानकार नै हुनुहुन्छ । करीव १२ हजार जनसंख्याको जनघनत्व रहेको यहाँको भौगोलिक भू वनावट कष्टकर भएता पनी पर्यटन पर्यावरण अमूल्य जडिवुटी जलश्रोतको अधिक सम्भावनाहरु रहेको छ। जनताका इच्छा र आंकाक्षाहरुलाई अधिकतम संवोधन गर्नका लागि सिमित श्रोत साधनको समुचित प्रयोग गर्नु आजको चुनौती हो यसलाई कुशलतापूर्वक अवतरण गर्नको लागि हामी सवैले हातेमालो गर्दै अगाडी वढ्नुको विकल्प छैन। तसर्थ संविधान ऐन, नियम, कानुन, परिपत्र अनुसार नीति तथा कार्यक्रमले लिएका मार्गदर्शन सिद्धान्तलाई अक्षरशं पालना गर्दै वजेट तथा योजना तर्जुमाले अंगिकार गरेका क्षेत्रमा अनुशासन पुर्वक कार्यान्वयन तर्फ अग्रसर हुनु हामी सवैको दायीत्व हो।

आदरणीय सभा अध्यक्ष महोदय,

विषयगत क्षेत्रले निर्दिष्ट गरेका लक्ष्यहरु प्राप्तीको वाटामा गाउँपालिकालाई हामी सवैले डोर्याउनु पर्दछ। वडास्तरका कार्यालय देखी गाउँपालिका सम्मका कार्यालय तथा कर्मचारीको समुचित ब्यवस्थापन जस्तो चुनौतीपुर्ण कार्यको लागि गाउँपालिकाले आफुलाई अब्बल सावित गर्दै वित्तिय अनुशासनको माध्यमवाट यस गाउँपालिकाको मानव विकास सूचांक अगाडी ल्याउनु पर्ने आवश्यकता छ। यस कार्यको नेतृत्वदायी भूमिका गाउँपालिकाले निर्वाह गर्नुपर्दछ । यस तर्फ पनि लक्षित गर्दै वजेट विनियोजनमा प्राथमिकता दिएको छु ।

आदरणीय सभा अध्यक्ष महोदय,

अव म आ.व. २०७६/०७७ मा भएका मुख्य मुख्य विषयवस्तुहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु।

सम्बद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय सोच तथा यस गाउँपालिकाको “सभ्य समृद्ध उत्तरगया हाम्रो शान, कृषी जलश्रोत पर्यटन विकाशको अभियान” का लक्ष्यहरु हासिल गर्न उत्तरगया गाउँपालिकाको छैठौ गाउँसभावाट आ.व. ०७६/०७७ को लागि रु छब्बिस करोड अठ्ठाइस लाख अन्ठानब्बे हजार मात्र वार्षिक वजेट स्वीकृत गरिएकोमा चालु खर्च तर्फ रु. अठार करोड चौरानब्बे लाख बैसठी हजार मात्र र पूजींगत तर्फ रु सात करोड चौतिस लाख छत्तिस हजार मात्र रकम रहेको थियो ।

कुल वजेट खर्च ब्यहोर्ने श्रोतहरु मध्ये २०७६ आषाढ ८ गते सम्म गाउँपालिकाको आन्तरिक राजश्व(गत आ. व.को संचिती समेत) रु दुई करोड सतहत्तर लाख एकासी हजार मात्र संघीय समानकिरण अनुदान वापत रु सात करोड चौवालिस लाख मात्र, संघीय विशेष अनुदान दुई करोड पचास लाख मात्र संघयि

सर्शत अनुदान रु दश करोड दश लाख मात्र, संघीय राजश्व बाँडफाड बाट रु चार करोड सात लाख मात्र, प्रदेश समानिकरण अनुदान रु अन्ठानब्बे लाख छयानब्बे हजार मात्र, प्रदेश सर्शत अनुदान रु पैतिस लाख नौ हजार मात्र, प्रदेश राजश्व बाँडफाडबाट रु छैसठी लाख बाह्र हजार मात्र, प्रधानमन्त्री रोजगार कार्यक्रम रु. दश लाख मात्र स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम दुई करोड पाँच लाख संचित कोषमा आम्दानी दाखिला भएको छ।

उत्तरगया गाउँपालिकाको विभिन्न क्षेत्रमा वजेट विनियोजन गरी कार्यान्वयन गरेकोमा धेरै वस्तीहरुमा सिटि बाटो, मोटर बाटोको पहुँच पुगेको छ, खानेपानीबाट वञ्चित जनसंख्याहरु लाभान्वित भएको, जेष्ठ नागरिक, महिला, दलित समुदायहरुको मुहारमा केही न केही खुसी छाएको अनुभुत गर्न पाएका छौ। कर्मचारी समयोजन पश्चात अधिकांश कर्मचारीहरु प्राप्त भई दैनिक कार्य सम्पादनमा सहजता भएको छ। हामिले उच्च प्राथमिकता दिएका गुरुङ तथा लामाको धार्मिक सास्कृतिक संरक्षण, उत्तरगया धामको संरक्षण र विकास, पर्यटन मार्गको पहिचान र विकास कृषी तथा पशुजन्य क्षेत्रको उत्पादकत्वमा वृद्धी , पूर्वाधार विकास जस्ता कार्यमा उल्लेखनिय प्रगती भएता पनि देशमा भएको वन्दावन्दी (लकडाउन) को कारण संघीय सरकार बाट विशेष अनुदान मार्फत प्राप्त भएको घलेगढी कमेरेगढी संरक्षण र उत्तरगया खेलकुद मैदान निर्माण आयोजना सफल हुन सकेन तर आगामी आ.व. मा यस लाई संघीय सरकारबाट निरन्तरता दिइएको छ। साथै जग्गा प्राप्ती तथा व्यवस्थापनमा कठिनाई भएको कारण गाउँपालिका तथा केही वडाको कार्यलय भवन निर्माण गर्न नसकेको कुरा यहाँहरु समक्ष निवेदन गर्न चाहान्छु।

आदरणीय सभा अध्यक्ष महोदय,

आगामी आ.व. ०७७/०७८ मा केन्द्र तथा प्रदेश सरकार, गाउँपालिकाको आन्तरिक श्रोतवाट कुल रु. एकतिस करोड सन्तानब्बे लाख तिस हजार नौ सय तिस आय हुने अनुमान गरेको छु । जसमा आन्तरीक श्रोत रु पन्ध्र लाख, सघंको राजश्व बाँडफाड रु. चार करोड अन्ठाउन्न लाख एकाउन्न हजार तिन सय साठी, प्रदेश राजश्व बाँडपफाँड रु. बहत्तर लाख चौहत्तर हजार, संघीय समानिकरण अनुदान रु. सात करोड उनानब्बे लाख, प्रदेश समानिकरण अनुदान रु. उनान्सय लाख सन्ताउन्न हजार, संघीय सर्शत अनुदान रु. एघार करोड चौरानब्बे लाख, प्रदेश सर्शत अनुदान रु. एक करोड बहत्तर लाख छयानब्बे हजार, प्रदेश विशेष अनुदान रकम रु. पँचास लाख, संघीय विशेष अनुदान रु. दुई करोड र चालु आ.व.मा खर्च नभई वैंक संचिती वैंक मौज्दात रु. एक करोड पैतालिस लाख बाउन्न हजार पाचँ सय सत्तरी अनुमान गरेको छु ।

आगामी आर्थिक वर्षको लागि प्राप्त हुने विभिन्न क्षेत्रको अनुमानित आय लाई अनुसूचिमा समावेश गरेका छु। साथै आर्थिक वर्ष ०७७/०७८ मा विभिन्न शिर्षकमा विनियोजित रकम साराशं देहाय अनुसार प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

१. चालु तर्फ रु. बाइस करोड अठार लाख सत्तरी हजार विनियोजन गरेको छु।

२. उत्तरगया गाउँपालिका सबै वडाहरुलाई सुत्रमा आधारित मई वजेट विनियोजन गर्ने पद्धतीको थालनी गरेको छु। जसले गर्दा वडाहरु विच स्वास्थ्य प्रतिस्पर्धात्मक वातावरणको विकास हुन अपेक्षा गरेको छु।

३. शिक्षा, स्वास्थ्य, संस्कृती प्रवर्द्धन, लैगिंक समानता तथा समाजिक समावेशिकरण, खानेपानी तथा सरसफाई र जनसंख्या व्यवस्थापनको क्षेत्रमा रु. चौध करोड उनान्सत्तरी लाख बाइस हजार विनियोजन गरेको छु।

४. जलवायु परिवर्तनको कारण वातावरणमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न, भौगौलिक विकटताको कारण सवै क्षेत्रमा पुग्न सक्ने क्षति न्युनिकरण गर्न तथा कोभिड -१९ (कोरोना भाइरस ) को प्रभावलाई न्युनीकरण तर्फ केन्द्रित भई विपद व्यवस्थापन विकास तथा वातावरण संरक्षणको लागि रु। त्रिचालिस लाख विनियोजन गरेको छु।

५. सामुदायीक विद्यालयमा e-learning को लागि प्रविधी जडान गर्ने र सी.सी क्यामरा जडान गर्ने वजेट व्यवस्था गरेको छु।

६. आन्तरीक आय वृद्धी र रोजगारी सिर्जना गर्ने हेतुले कृषी तथा पशुपालन व्यवसाय गर्ने व्यक्ति वा संस्थालाई अनुदान दिने कार्यक्रम तय गरेको छु।

७. डाडाँगाउँ स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला स्थापना गर्न आवश्यक कर्मचारी र उपकरणको व्यवस्था गरेको छु ।

८. गाउँपालिकासँग किसान कार्यक्रम अर्न्तगत विशेष कृषी तथा पशु क्षेत्रको विकास गर्न थप कार्यक्रम ल्याएको छु।

९. गाउँपालिका भित्रका प्रत्येक नागरिकलाई सूचनाको हक दिलाउन रेडीयो मार्फत सूचना प्रवाह गर्न रकम विनियोजन गरेको छु।

१०. पशुपालन व्यवसायको जोखीम न्यूनीकरणका लागि पशु विमा कार्यक्रममा सहजिकरण गर्न आवश्यक वजेट व्यवस्था विनियोजन गरेको छु।

११. पशुमा लाग्ने रोगको पहिचान उपचार गर्न वजेट विनियोजन गरेको छु।

१२. पशुपालन लाई आय आर्जनको आधारको रुपमा स्थापित गरिनेछ। जसका लागि नश्ल सुधार कृतिम गर्भधारण गर्न वजेट ब्यवस्था गरेको छु।

१३. संघीय सर्शत अनुदानबाट दिएको वजेट अपुग भएकोले ECD का सहयोगी कार्यकर्ताहरुको लागि मासिक थप रु तिन हजार ब्यवस्था गरेको छु।

१४. विद्यालय शिक्षाको गुणस्तर वृद्धी गर्न आधारभुत तह तथा माध्यमिक तह स्तरीय विविध अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

१५. विद्यालयमा सञ्चालन हुने परीक्षालाई मर्यादित ब्यवस्थित गरी गुणस्तर सुधारको अभिन्न रुपमा विकास गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

१६. आयुर्वेद सेवालाई वैकल्पिक चिकित्साको रुपमा विकसित गर्न चाहिने आवश्यक वजेट ब्यवस्था गरेको छु ।

१७. नियमित सार्वजनिक सुनुवाई गर्न आवश्यक वजेटको ब्यवस्था गरेको छु।

१८. आवश्यकताको आधारमा लागत साझेदारी गर्न समपुरक लगानीको लागि रु. विस लाख मात्र विनियोजन गरेको छु।

१९. गुरुङ समुदायको एकिकृत प्रकृतीको वसोवास रहेको ठुलोगाउँमा गुरुङ जातीको धर्म, संस्कृतीको संरक्षण र प्रर्वदनको लागि गुरुङ साँस्कृतिक संग्राहालय भवन निर्माणको लागि रु २५ लाख विनियोजन गरेको छु। संग्राहालय भवन मा सम्पूर्ण पूर्वाधार निर्माण र ब्यवस्थापनको लागि अन्य श्रोतहरु वाट समेत वजेट उपलब्ध गराउन पहल गरिने छ।

२०. उत्तरगया गाउँपालिका वडा नं २, ३ र ४ मा पर्यटन पूर्वाधारको लागि विकासको लागि डाडाँगाउँ, ठुलोगाउँ, र कर्मीडाँडा, ढुङ्गेमा होमस्टे संचालनको लागि प्रोत्साहीत गराउन साझेदारी कार्यक्रम मार्फत अनुदान उपलब्ध गराउन रु विस लाख विनियोजन गरेको छु।

२१. उत्तरगया-५ माझगाउँमा सामाजिक कार्यभवन तथा मैदान निर्माण गर्न रु. विस लाख विनियोजन गरेको छु। यसमा पनि सम्पुर्ण पूर्वाधार निर्माण र ब्यवस्थापनको लागि अन्य स्रोत खोजिने छ।

२२. उत्तरगया गाउँपालिकाका कृषी र पशु क्षेत्रमा आयआर्जन गरी ब्यवसायिक बनाउन समानिकरण र शशर्त तर्फबाट रु एक करोड विनियोजन गरेका छु।

२३. निम्सो खोला झोलुङ्गेपुल, घोरेटो बाटो र खानेपानी तथा सरसफाई, गाउँपालिकालाई प्राविधिक सहायता गर्न पूर्णिमा कार्यक्रम (डिफिड) गाउँपालिकासँग साझेदार रहेकोछ।

आदरणीय सभा अध्यक्ष महोदय,

मैले गाउँपालिकाको आगामी आर्थिक वर्षको लागि प्रस्तावित गरेको वजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गरेको छु । वडा तथा वस्ती स्तरीय भेलामा अधिकांश जनताको सहभागितामा छनौट र प्राथमिकतामा भएका योजनाहरु प्राथमिकतामा पार्दापार्दै पनि पालिकाको सिमित श्रोत साधनका कारण सवै योजना वैंकमा समावेश गरी अन्य दातृ निकायहरुसँग समन्वय गर्दै श्रोतको व्यवस्था मिलाई संचालन गर्न प्राथमिकतामा राखीने तथा आगामी आ.व. हरुमा समेत क्रमश कार्यान्वयन गर्दै लगिने व्यहोरा समेत अनुरोध गर्दछु।

वजेट तथा कार्यक्रम तर्जुमा क्रममा गाउँपालिकाका सवै पदाधिकारीज्यहरुको सक्रिय सहभागिता र पृष्ठपोषण हाम्रा लागि महत्वपूर्ण रह्यो । विकास प्रतिको एकता, संवेदनशिलता, क्षेत्रगत सूचनाको जानकारी, सरोकारवाला निकाय विच रहेको उच्चस्तरीय समन्वय र समझदारी हाम्रा लागि कार्य सफलताको कडी वन्यो । यस प्रति हामी सदैव कृतज्ञ छौ यस खालका उदाहरणीय सहयोगको लागि उत्तरगया गाउँपालिकाको तर्फबाट आभार व्यक्त गर्दछु।

अन्तमा हाम्रो निमन्त्रणलाई स्वीकार गरी व्यस्त तथा अमुल्य समयको वावजुद यस कार्यक्रममा पाल्नु भएका गाउँपालिकाका सदस्यज्युहरु, कर्मचारीहरु, सरोकारवालाहरु सवैमा हामी आभारी छौं। गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमाका क्रममा सहभागीतामुलक योजना तर्जुमा प्रकृयाका सबै चरणहरुमा सहभागी हुनहुने सवै प्रति धन्यवाद प्रकट गर्दछु साथै यस कार्यलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सवै पक्षबाट सदा झैं निरन्तर सल्लाह, सहयोग र सुझावको अपेक्षा गर्दै वार्षिक सवै पदाधिकारीज्युहरु विषयगत निकाय गाउँपालिकाको कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहान्छु। साथै उत्तरगया गाउँपालिकाको आठौ गाउँसभामा वजेट तथा कार्यक्रमकाको प्रस्तुती यही अन्त गर्दछु ।

धन्यवाद

चमेली गुरुङ
उपाध्यक्ष